# कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका , २०७५

प्रदेश सरकार, (माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर)
मिति २०७५/०७/०९ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार
भूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १, विराटनगर

सचिव

# कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५

**प्रदेश सरकार, माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तरबाट स्वीकृती प्राप्त** **मिती : २०७५/०७/०९**

**पृष्ठभूमि**

प्रदेश १ बहूसंख्यक घरपरिवार मुख्यतः आयआर्जन र रोजगारीका लागि कृषिमा निर्भर रहेका छन् । प्राकृतिक सुन्दरता, भौगोलिक, सामाजिक तथा सास्कृतिक विविधताको धनि प्रदेश भएका कारण विश्वभरबाट घुम्न आउने पर्यटकको संख्या दिन प्रतिदिन वृद्धि हुदै गईरहेको छ भने आन्तरिक पर्यटकका रुपमा घुम्न जाने स्वदेशीहरुको संख्या पनि उल्लेख्य मात्रामा वृद्धि भै रहेको छ। प्रदेशका केही स्थानहरु ग्रामिण कृषि पर्यटन केन्द्रका रुपमा विकास हुन थालेको, ग्रामिण क्षेत्रको प्राकृतिक कृषि र पर्यटनलाई जोडेर ग्रामिण कृषक घरधुरिको आयस्तरमा वृद्धि गरि ग्रामिण अर्थतन्त्रलाई सवल वनाउदै रोजगारीका थप अवसरहरुको सृजना गरी गरिवी न्यूनीकरणमा टेवा पुर्याउन महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । प्रदेशका बिभिन्न स्थानहरुमा संवाभित कृषि पर्यटन स्थान पहिचान गरी सरकारी सहयोगका साथै निजी क्षेत्रको सहभागितामा प्रदेश सरकारको नीति तथा कार्यक्रममा अन्तर्निहित भावना अनुरुप कृषि पर्यटन कार्यक्रम संचालन गर्नका लागि भूमि ब्यबस्था कृषि तथा सहकारी मन्त्रालयको वार्षिक स्वीकृत कार्यक्रममा बजेट ब्यबस्था भएको हुँदा उक्त कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयले "**कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५**" तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम **कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५** रहेको छ।

ख) यो प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. निर्देशिका लागू हुने क्षेत्रः**

यो निर्देशिका प्रदेश नं. १ भरि लागु हुनेछ तर यस कार्यविधिलाई आधार मानि सुचना प्रवाह गर्दा सुचनामा जुन जुन जिल्लाहरु उल्लेख भई प्रस्ताव आह्वान हुन्छ यो कार्यविधि तिनै जिल्लाहरु वा स्थानिय तहहरुमा लागु भएको मानिनेछ।

३. परिभाषाः

क) " **कृषि पर्यटन**" भन्नाले कुनै पर्यटन जसले ग्रामिण क्षेत्रमा प्रमुख रुपमा प्राकृतिक, दिगो तथा जैविक कृषिमा आधारित भई ग्रामिण जीवन , कला , संस्कृति तथा सम्पदा हरुको प्रवर्द्धन मार्फत स्थानीय समुदायलाई आर्थिक एवं सामाजिक रुपमा लाभ प्रधान गर्ने छ।

ख) "**अनुदानग्राही**" भन्नाले यस कार्यक्रम संचालन गर्नका लागि छनौट भएका होमस्टे संचालक व्यवस्थापन समिति वा कृषि पर्यटन प्रवर्द्धन / संचालक / व्यवस्थापन समिती वा कृषि व्यवसाय / कृषि पर्यटन व्यवसायमा आवद्ध निजी क्षेत्रबाट संचालित कृषि पर्यटन केन्द्र सम्झनु पर्दछ।

ग) "**प्रस्ताव**" भन्नाले कृषि पर्यटन प्रबर्द्धनमा सहयोग पुर्याउन संचालन हुने कार्यक्रमहरुको लागि अनुदान पाउन पेश गरेको आवेदन तथा व्यवसायिक योजना सम्झनु पर्दछ ।

घ) "**अनुदान**" भन्नाले ५.२ अनुदान रकम उपलब्ध हुने क्षेत्रमा उल्लेख भए अनुसारको कार्यक्रम संचालनको लागि सहयोग उपलव्ध गराईने नगद अनुदान रकम सम्झनु पर्दछ।

ङ) "**कार्यालय**" भन्नाले कार्यक्रम कार्यान्वयन गर्ने निकाय सम्झनु पर्दछ।

च) "**प्राविधिक**" तथा मूल्याङ्कन समिति" भन्नाले परिच्छेद २ को दफा ६.५ अनुसार गठित छनौट समिती सम्झनु पर्दछ।

४. उदेश्यः

क) कृषक परिवारको आयस्तर बृद्धि गर्ने तथा बैदेशिक रोजगारीको बिकल्पको रुपमा कृषि पर्यटनलाइ स्थापित गर्दै रोजगारीका अबसर सृजना गर्ने

ख) कृषि पर्यटनको विकास तथा प्रवर्द्धन गरी ग्रामिण अर्थतन्त्रलाई सबल वनाउने

ग) कृषि पर्यटन तथा परम्परागत कला संस्कृतीको सम्वर्द्धन गर्ने ।

## परिच्छेद–२
## कार्यक्रम संचालन प्रकृया

५. अनुदान प्राप्त गर्न सक्ने निकायहरु (साझेदार निकायहरु) :

क) कृषक समूह

ख) सहकारी

ग) उद्योग बाणिज्य संघ

घ) निजी फर्म तथा उद्यमीहरु

सचिव

६. अनुदान रकम उपलब्ध हुने क्षेत्रः  अनुदान रकम देहायका क्रियाकलापहरुको लागि उपलब्ध गराइनेछ ।

**क) कृषि पर्यटन प्रवर्द्धन गरिने गाँउ/टोल परिषरको सरसफाई , सुधार सौन्दर्यिकरणः**

यस अन्तर्गत वृक्षरोपण फूल रोपण तथा सौन्दर्यिकरण जैविक विविधता झल्कने पार्कहरुको विकास तथा सुधार जस्ता क्रियाकलापहरु संचालन गर्न सकिन्छ। साथै सडक कोरिडोरमा तरकारी फलफुल तथा फूल रोपण जस्ता कृयाकलापहरु संचालन गर्न सकिनेछ।

**ख) फोहर व्यवस्थापनः**

यस अन्तर्गत कुहिने र नकुहिने फोहर व्यवस्थापनका लागि डस्ट वीन , कम्पोष्ट खाडल निर्माण, भकारो सुधार जस्ता क्रियाकलापहरु संचालन गर्न सकिनेछ।

**ग) कृषि उपज तथा पशुपंक्षी उत्पादन तथा व्यवस्थापनः**

विभिन्न कृषि जन्य बालिहरुको(सकेसम्म स्थानिय, रैथाने, स्वदेशी, खुला सचेत जातका तरकारी, खाद्यान्न, फलफूल, मसला, माछा, मौरी, लोकल कुखुरा, गाईपालन, हाँस आदि) सकेसम्म विषादी रहित वा आई पि एम पद्धतिबाट उत्पादन प्रवर्द्धनका लागि क्षमता अभिवृद्धि तालिम, विउविजन सहयोग, वर्षाको पानी संकलन, जैविक विषादी तयारी, स्थानिय परिकारहरुको प्रवर्द्धन , स्थानीय बालीहरुको प्रशोधन तथा प्याकेजिङ्ग जस्ता क्रियाकलापहरु संचालन गर्न सकिने छ।

घ) कला ,सँस्कृती ,संगीत तथा कोशेली केन्द्रको स्थापनाः

स्थानीय कला ,सँस्कृती, भेषभुषा तथा गित संगितको संरक्षण तथा प्रवर्द्धन गरी पर्यटकलाई आकर्षण गर्नका लागी एक केन्द्रको स्थापना गर्ने, उक्त केन्द्रलाई संग्राहालयको रुपमा विकास गर्ने, कृषि उत्पादनलाइ आकर्षक प्याकिंग गरी कोसेलीको रुपमा प्रसार गर्ने केन्द्रको रुपमा संचालन गर्न सकिने छ।

**ङ) प्रचार प्रसार तथा क्षमता अभिवृद्धिः**

कृषि पर्यटन लाई प्रवर्द्धन तथा विकास गर्नका लागी स्थानीय एफ एम बाट प्रचारात्मक सामाग्री तयार गरी प्रसारण गर्ने तथा कृषि पर्यटनमा आवद्ध घरधुरी तथा होमस्टे संचालन समिती / व्यवस्थापन समिती हरु वा कृषि पर्यटन प्रवर्द्धन समिती / व्यवस्थापन समिती वा कृषि पर्यटन केन्द्रको क्षमता अभिवृद्धि तथा गुणस्तरीय सेवा प्रवाहका लागी तालिम क्रियाकलापहरु संचालन गर्न सकिने छ।

सचिव

७. कार्यक्रम सम्बन्धी जिम्मेवारी तथा दायित्व

क) कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्पुर्ण जिम्मेवारी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको हुने छ ।

ख) अनुदान प्राप्त गर्ने संस्थाले कार्यक्रम कार्यान्वयनमा आवश्यक पर्ने विशेषज्ञ सेवा सम्बन्धित निकाय तथा अन्य निकायहरु बाट लिन सकिने छ।

८. कार्यक्रम कार्यान्वयन : कार्यक्रम कार्यान्वयन देहाय बमोजिम हुनेछ ।

क) कार्यालयले ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी यो कार्यक्रम संचालन हुने स्थानमा कृषि पर्यटन प्रवर्द्धन गर्ने कार्यका लागी सहयोग पुर्याउन अनुदान दिने उदेश्यले अनुसूची १ बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रस्ताव आव्हान गरी सूचना प्रकाशन गर्नेछ ।

ख) सुचना प्रकाशन भए अनुरुप आवेदकले ६.४ मा उल्लेख भए अनुसारको सबै प्रमाण संलग्न गरी अनुसुची २ बमोजिमको आवेदन सम्बन्धित कार्यालयमा प्रस्ताव पेश गर्न वा दर्ता गर्नसक्ने छन। आवेदकहरुको मूल्याङ्कन प्रस्ताव छनौट समितिले गर्नेछ (अनुसूचि ४ मूल्यांकनका आधार) ।

ग) कार्यक्रम/कृयाकलापहरु संचालन गर्न ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

घ) छनौट भएका व्यवसायी, निजी संस्था वा सहकारी संस्थाले लगानी गर्ने रकमको प्रतिबद्धता जाहेर गरेको तथा यथेष्ट प्रमाणहरु (अनुसूचि ५ ) संलग्न गरेको हुनु पर्नेछ ।

ङ) सम्झौता भएको १५ दिन भित्र व्यवसायी, निजी संस्था वा सहकारी संस्थाले कार्य शुरु गर्नु पर्नेछ

९. देहाय बमोजिमका योग्यता पुगेका आवेदकहरुले आवेदन दिन सक्नेछन

क) तोकिएको स्थानमा कार्यक्रम संचालन गर्न ईच्छुक होमस्टे संचालन समिती / व्यवस्थापन समितीहरु वा कृषि पर्यटन प्रवर्द्धन समिती / व्यवस्थापन समिती वा कृषि व्यवसाय / कृषि पर्यटन व्यवसायमा आवद्ध निजी क्षेत्रबाट संचालित कृषि पर्यटन केन्द्रले आवेदन दिन सक्ने छन्।

ख) आवेदक कानून बमोजिम दर्ता भई स्थायी लेखा नंम्वर लिएको हुनुपर्ने छ।

ग) निजी क्षेत्रबाट संचालित कृषि पर्यटन केन्द्रले आवेदन दिदा निजको नेतृत्वमा कम्तीमा १० घरधुरी लाई पनि अनिवार्य समेटेर प्रस्ताव तयार गर्नु पर्ने छ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

घ) होमस्टे संचालन समिती / व्यवस्थापन समिती हरु वा कृषि पर्यटन प्रवर्द्धन समिती / व्यवस्थापन समिती वा कृषि पर्यटन केन्द्र यो कार्यक्रम कार्यान्वयन हुने क्षेत्रमा कानूनत दर्ता भई कार्यरत नरहेको अवस्थामा सुचना प्रवाह अनुसार पनि दर्ता गरी आवेदन दिन सक्नेछन।

ङ) आवेदकले लेखा परिक्षण नियमित गरेको हुनु पर्नेछ ।

च) आवेदकले कर चुक्ता एबं नविकरण पुरा गरेको हुनु पर्दछ।

च) होमस्टे संचालन समिती / व्यवस्थापन समिती हरु वा कृषि पर्यटन प्रवर्द्धन समिती / व्यवस्थापन समिती वा कृषि पर्यटन केन्द्रले कृषि पर्यटन प्रवर्द्धनका लागि उक्त क्षेत्रमा सचिवालयको रुपमा व्यवस्थापकिय युनिटका रुपमा पनि कार्य गर्नु पर्ने छ भने आवद्ध घर धुरी हरुमा व्यवस्थित कृषि पर्यटन प्रवर्द्धनका लागी तिनको परीचालन नियमन अनुगमन तथा समन्वयन गर्नु पर्ने छ।

छ) आबेदकले आफ्नो निर्माण कार्यको प्राविधिक स्टिमेट, ले आउट पेश गर्नु पर्ने छ।

ज)अनुसुची ३ मा उल्लेख भए अनुसारको व्यवसायिक योजना प्रस्ताव पेश गरेको हुनु पर्ने छ।

**१०. छनौट समितिको व्यवस्था :**

क) पेश भएका प्रस्तावहको छनौटका लागी देहाय बमोजिमको प्रस्ताव छनौट समिति गठन हुनेछ

| | |
|---|---|
| १. प्रमुख, कृषि व्यवसाय प्रवर्धन महाशाखा | अध्यक्ष |
| २. प्रमुख, योजना तथा अनुगमन महाशाखा | सदस्य |
| ३. अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय,प्रदेश नं.१ | सदस्य |
| ५. कृषि प्रसार अधिकृत, योजना महाशाखा | सदस्य |
| ६. प्रमुख , आर्थिक प्रशासन शाखा | सदस्य |
| ७. कृषि अर्थ विज्ञ, कृषि व्यवसाय प्रवर्धन महाशाखा | सदस्य सचिव |

ख) आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञहरु बढीमा २ (दुई) जना लाई आमन्त्रण गर्न सकिनेछ ।

ग) मूल्याङ्कन समितिले अनुसुचि- ४ बमोजिमको ढाँचामा मूल्याङ्कन गर्ने छ। न्यूनत्तम ५० प्रतिशत अंक प्राप्त गरे मात्र योग्य मानिने छ। ५० प्रतिशत भन्दा कम अंक प्राप्त गर्ने स्किम/ व्यवसायीक योजनालाई प्रतिस्पर्धामा सहभागी गराइने छैन । मूल्याङ्कन समितिले आवश्यक ठानेमा स्थलगत प्रमाणीकरण समेत गर्न सक्ने छ।

घ) मूल्यांकन तथा सिफारिस समितिले स्वीकृतिको लागि प्रदेश सरकार, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा पेश गर्ने छ।

सचिव

११. सम्झौता

स्कीम/व्यवसायिक योजना स्वीकृत भएपछि अनुसूची –६ बमोजिमको ढाँचामा दुई पक्ष बीच संझौता गरिने छ।

परिच्छेद ३

## अनुगमन, मूल्यांकन तथा भुक्तानी

१२. भुक्तानी प्रकृया

क) भुक्तानी अधिकतम एक तिहाई बराबरको रकम पेश्कीको रुपमा बैंक ग्यारेन्टी उपलब्ध गराईसके पश्चात दिन सकिनेछ र अन्य रकम कार्य सम्पन्न भईसकेपछि कार्य सम्पन्न प्रतिवेदन पेश गरेपछि मात्र शोधभर्नाको रुपमा भुत्तानी दिईनेछ । प्रथम किस्ता भुक्तानी गर्दा पेश्की रकम कट्टा गरिने छ ।

(ख) प्रथम किस्तामा कार्य सम्पन्न भएको आधारमा स्कीम/व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरुको लागत अनुसारको भुक्तानीको लागि माग भए अनुसार संयुक्त अनुगमन टोलीबाट भएको सिफारिसको आधारमा र दोश्रो किस्ता स्कीम/व्यवसायिक कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरु सम्पन्न भएको भनि संयुक्त अनुगमन टोलीबाट भएको सिफारिसको आधारमा भुक्तानी हुनेछ ।

ग) यस कार्यविधि अनुरुप उपलब्ध हुने अनुदान रकम लगायतका खर्चहरु प्रदेश सरकारको आर्थिक ऐन, नियम एवं प्रचलित अन्य कानून अनुसार सो को परिधि भित्र रही मात्र हुनेछ ।

घ) भुक्तानी रकमको २ (दुई) प्रतिशत कन्टिजेन्सी कट्टा गरिनेछ ।

१३. अनुगमन र मूल्यांकन

क) यस कार्यविधि अनुसारको कृषि पर्यटन संचालनको अनुगमन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, बिराटनगर तथा कृषि ज्ञान केन्द्र (सम्बन्धित जिल्ला) ले गर्नेछ ।

ख) आवश्यकता अनुसार कृषि विकास निर्देशनालय, बिराटनगर लगायत कृषि व्यवसाय प्रर्वधन तथा तालिम केन्द्रले समेत अनुगमन निरिक्षण गर्न सक्नेछ ।

ग) संचालित कार्यको नियमित अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षण भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको छनौट समिति वा समितिले तोकेको प्राविधिकबाट हुने छ ।

घ) कार्य संचालनको अनुगमन तथा सार्बजनिक सुनुवाई २ (दुई) पटक (संचालन पूर्व तथा कार्य सम्पन्न पश्चात) गर्नु पर्नेछ ।सार्बजनिक सुनुवाई मा स्थानीय सरकारका प्रतिनिधिहरु, विविन्न निकायका प्रतिनिधिहरु, कार्यालयका प्रतिनिधिहरु सहित गर्नु पर्नेछ । सार्बजनिक सुनुवाई को प्रमाणित प्रतिलिपी कार्य सम्पन्न प्रतिवेदन साथ पेश गनुपर्नेछ ।



सचिव

(ङ) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी राखेको हुनु पर्नेछ ।

ग) प्रदेश सरकारले जुनसुकै बखत अनुदानग्राहीको पुर्वाधार निर्माण तथा कार्यक्रम संचालनको हिसाब किताब हेर्न सक्ने छ। हिसाब देखाउनु सम्बन्धीत अनुदानग्राहीको दाहित्व हुनेछ।

१४. प्रतिवेदन

क) कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले किस्ता/रकम माग गर्दा स्कीम/व्यावसायिक योजना/प्रस्ताव बमोजिमका कृयाकलापहरु उल्लेख गरी प्रतिवेदन पेश गर्नु पर्नेछ । अन्तिम किस्ता भुक्तानीका लागि कार्य सम्पन्न प्रतिवेखन अनिवार्य पेश गर्नुपर्ने छ ।

ख) आवश्यक्ता अनुसार कार्यालयले माग गरेमा फर्मेट बमोजिम विवरण तथा अन्य प्रतिवदेन पेश गर्नुपर्ने छ ।

ग) यस कार्यविधि अनुरुप उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेखहरु सम्बन्धित कार्यालय ले राख्नेछ

परिच्छेद ४

विविध

१९. **आर्थिक प्रशासन सेवाः** कार्यक्रमको लेखा, लेखाकंन, लेखा परिक्षण तथा आर्थिक कार्यविधि ऐन २०५५, आर्थिक कार्यविधी नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रदेश एवं संघिय सरकारका प्रचलित ऐन, नियम र कानून बमोजिम हुनेछ ।

२०. **कार्यवाहीको व्यवस्थाः**प्रस्ताव स्वीकृत स्कीम/व्यवसायिक योजना अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरिएको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कार्यवाही हुनेछ।

२१. **प्रचलित कानुन लागु हुनेः** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएमा सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

२२. **बिमाः** स्कीम व्यवसायिक योजनाको सम्भाव्यताको आधारमा बिमा गराउनु पर्ने छ।

२३. बाधा **अड्काउ फुकाउने (खारेजी एबं संशोधन)** :

(क) यस निर्देशिका कार्यान्वयन सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको हुनेछ ।

(ख) यस निर्देशिका कार्यान्वयनमा बाधा अडचन आइपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण प्रचलित कानून बमोजिम हुनेछ ।

(ग) यस निर्देशिकालाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी र संशोधन गर्न सक्नेछ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं.-१
विराटनगर, नेपाल

अनुसुची १

## कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालनका लागी अनुदान उपलब्ध गराउनका लागी प्रस्ताव आव्हानको सूचना

सूचना । सूचना ।। सूचना।।।

भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालयको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार निम्न अनुसारका स्थानहरुमा कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन गरी कृषि र पर्यटन व्यवसायका माध्यम द्वारा ग्रामिण कृषकहरुको आयस्तर वृद्धि तथा ग्रामिण रोजगारी सृजना गरी गरिवी निवारणमा टेवा पुर्याउनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुदा ईच्छुक होमस्टे संचालक समिति / व्यवस्थापन समितिहरु / वा कृषि पर्यटक समितीहरु वा कृषि पर्यटक प्रवर्द्धन समिति / व्यवस्थापन समिति वा कृषि व्यवसाय / कृषि व्यवसायमा आवद्ध निजी क्षेत्रबाट संचालित कृषि पर्यटन केन्द्रहरु बाट दरखास्त आह्वानको लागी यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र सम्बन्धीत कृषि ज्ञान केन्द्रमा अनुसुची ३ अनुसारको कागजातहरु एबम अनुसुची ४ अनुसारको व्यवसायीक प्रस्ताव सहित आवेदन दर्ताको लागी आह्वान गरीएको छ। यस सम्बन्धी कार्यविधि भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको वेभसाईटमा राखिएको छ। थप जानकारीको लागी भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालय वा सम्वन्धीत जिल्लाको कृषि ज्ञान केन्द्रमा सम्पर्क गर्नु सक्नुहुनेछ।

निम्नः

१.

२.

३.

४.

५.

सचिव

| रु १० को टिकट |
|---|

# अनुसुची २

## आवेदन फारम

श्रीमान ज्यू,
भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. १ विराटनगर।

विषयः कृषि पर्यटन प्रवर्द्धनका लागी अनुदानको सम्बन्धमा।

महोदय, प्रस्तुत विषयमा तँहा मन्त्रालयबाट सूचना भए अनुसार कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रमका लागी योजनामा उल्लेख भए अनुसारको कृषि पर्यटन प्रवर्द्धन कार्यक्रम संचालन गर्नका लागी ( आवेदकको नाम र ठेगाना) .......................... ले व्यवसायीक योजना तथा अनुसुचीहरुमा उल्लेख भए बमोजिमका क्रियाकलापका लागि जम्मा रकम रु.... ..... अक्षरुपी ................. ... को योजना तयार गरी आवश्यक कागजातहरु सहित अनुदान सहयोगका लागी पेश गरेको व्यहोरा अनुरोध गर्दछु। योजनामा उल्लेख भएको कुल बजेट मध्ये तँहा मन्त्रालयबाट नियमानुसार उपलब्ध हुने अनुदान रकम रु ........................./ अक्षरुपी .............................. ) बाहेक अन्य रकम (आवेदकको नाम ) .......... ले नगद तथा जिन्सी श्रमदान गरी रु ...................../( अक्षरुपि ................) बरावरको योगदान गर्न सहमत रहेको हुदा तँहा मन्त्रालयबाट संचालित यस कार्यक्रमा छनौट गरिपाउ भनि अनुरोध छ। साथै तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेश गरेको व्यहोरा अनुरोध छ।

संलग्न कागजातहरु।

१. रु १० को टिकट टाँसेको अनुसुची ३ अनुसारको निवेदन।
२. दर्ता, नविकरण, कर चुक्ता, स्थायी लेखा नंम्बर तथा लेखा परिक्षण प्रतिवेदन प्रतिलिपि।
३. कृषि पर्यटनमा आवद्ध हुने घरधुरीको नाम, परिवार संख्या, जमिनको क्षेत्रफल, लगाईने कृषि बाली वा पशुपंक्षी तथा पर्यटकिय सेवाका लागी उपलब्ध सेवा सम्बन्धी विवरण सहितको प्रोफाइल।
४. कृषि पर्यटन प्रवर्द्धन क्रियाकलाप सहितको अनुसुची ४ अनुसारको योजना।
५. आवेदक सँग रहेको मौज्दातको प्रमाण र लगानिका श्रोतहरुको आधार।
६. प्रस्तावित स्थानमा १२ महिने सडक, विजुलि, खानेपानी, टेलिफोन सुविधा रहे नरहेको प्रमाण।
७. प्रस्तावित स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनलाई सहयोग हुने अन्य केही भए।

निवेदक
नामः
ठेगानाः
छापः

सचिव

## अनुसूचि — ३

### कृषि पर्यटन प्रवर्द्धनका लागि स्किम / ब्यवसायिक योजना ढाँचा

| | |
|---|---|
| प्रस्तावित आयोजनाको नाम | |

१) आवेदक र सम्पर्क व्यक्ति सम्वन्धी विवरणः

| आवेदक संस्थाको नामः | |
|---|---|
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था स्थापना भएको मिति | |
| सम्बन्धित निकायमा संस्था दर्ता भएको मिति | |
| टेलिफोन | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको टेलिफोनः | |
| इमेलः | |
| प्रस्तावित आयोजना स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित आयोजनाको कूल खर्च | |
| माग गरेको कूल अनुदान रकम रु | |
| उद्यमी/सहकारी/ कम्पनी तर्फबाट | |

२) अनुदानग्राही संस्थाको अनुभव र अन्य विवरण

| | |
|---|---|
| बिगतमा गरेका कामहरुको संक्षिप्त विवरण | |
| वित्तीय, मानविय र भौतिक श्रोत | |

३) आवेदक सँग कृषि पर्यटन वा होमस्टे जस्ता पर्यटकिय क्षेत्रमा भएका अनुभव तथा क्षमताः ( यसमा कति घरधुरी कृषकहरु कृषि पर्यटन कार्यक्रममा सहभागी हुनेछन र ती कृषक घरधुरीमा कति जना पाहुना पर्यटकलाई बास बसाउने क्षमता छ सो कुराको उल्लेख गर्ने)

४) कृषि पर्यटन प्रवर्द्धन कार्यक्रमको संचालन तथा व्यवस्थापकिय जिम्मेवारीः ( यसमा प्रस्तावित प्रस्तावित कार्यक्रमहरु कसको नेतृत्वमा कसरी संचालन हुनेछन र संलग्न घरधुरी कसरी परिचालित हुनेछन स्पष्ट खाका तथा मोडेलको बारेमा प्रष्ट पार्ने)

५) समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परिवार संख्या

| | |
|---|---|
| समस्याहरु | |
| आयोजनाको उद्देश्यहरु | |
| औचित्य | |
| लाभान्वित घर परविार संख्या (प्रत्यक्ष तथा अप्रत्यक्ष) | |
| ६. आयोजना संचालन प्रकृया | |



सचिव

| ७. अनुदानबाट के उपलब्धि हासिल हुने छ | |
|---|---|
| क्षेत्रफल बिस्तार(हेक्टर) | |
| उत्पादन बृद्धि (परिमाण, मे.ट.) | |
| जिबिकोपार्जन तथा जिवनस्तर सुधार | |
| रोजगारी तथा आर्थिक अवस्था सुधार | |

८. आम्दानी र खर्च विश्लेषण

| आम्दानी विश्लेषण | | | | |
|---|---|---|---|---|
| बिवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा आम्दानी | | | | |
| खर्च विश्लेषण | | | | |
| बिवरण | प्रथम बर्ष | दोश्रो बर्ष | तेश्रो बर्ष | कैफियत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| जम्मा खर्च | | | | |
| सालाखाला मुनाफा (Gross Margin) | | | | |
| लाभ लागत अनुपात (B:C Ratio) | | | | |
| IRR | | | | |

सचिव

९. मुख्य प्रस्तावित कृयाकलापहरुको लागत अनुमानको विस्तृत प्रस्तावित खर्च अनुसार विवरण पेश गर्नुहोस् ।

| क्र.सं. | मुख्य कृयाकलापहरु | माग गरेको अनुदान | आवेदकको योगदान | कूल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | कूल | | | | |

सचिव

अनुसुची ४

कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालनका लागी अनुदान उपलब्ध गराउनका लागी प्रस्ताव मूल्याङ्कन फारम

१. कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालनका प्राकृतिक सून्दरता तथा अन्य श्रोत (सिँचाई,जमिन,कृषक) को उपलब्धता (अंक १०)

क) प्राकृतिक रुपमा सून्दर , उपयुक्त तथा अन्य श्रोतहरुको प्रचुर उपलब्धता ( अंक १०)

ख) प्राकृतिक रुपमा सून्दर , उपयुक्त तथा अन्य श्रोतहरुको न्यून उपलब्धता ( अंक ५)

ग) प्राकृतिक सून्दरताको कमि तथा जलश्रोतहरुको न्यून उपलब्धता ( अंक ०)

२. भौतिक सुविधाको ( सडक, विजुली ,टेलिफोन, खानेपानी आदी) अवस्था (अंक १५)

क) सबै आधारभूत भौतिक सुविधा उपलब्ध(१५)

ख) अपर्याप्त भौतिक सुविधा (१०)

ग) आधारभूत भौतिक सुविधा उपलब्ध नभएको (०)

३.पर्यटकीय हिसाबले स्थलगत उपयक्तता ( अंक १५)

क) पर्यटक आगमन भईरहेको स्थल (अंक १५)

ख) भविष्यमा पर्यटक आउन सक्ने (१०)

ग) भविष्यमा पनि पर्यटक आउन सक्ने सम्भावना नदेखिएको (०)

४. आवेदक को अनुभव तथा व्यवस्थापन (२०)

क) पहिले देखि होमस्टे/कृषि पर्यटन लगायत अन्य पर्यटन व्यवसाय संचालन गरेको {सामुहिक}(अंक २०)

ख) पहिले देखि होमस्टे / कृषि पर्यटन लगायत अन्य पर्यटन व्यवसाय संचालन नगरेको तर होटल रेस्टुरेन्ट संचालक { निजी }(अंक १५)

ग) पहिले केहि पनि अनुभव नभएको (अंक १०)

५. आवेदकले व्यहोर्ने आर्थिक श्रोतको सूनिश्चिता (अंक १५)

क) व्यहोर्न सक्ने श्रोत खुलेको (अंक १५)

ख) व्यहोर्न सक्ने सम्भावना देखिएको (अंक १०)

ग) व्यहोर्न सक्ने सम्भावना नदेखिएको (अंक ०)

६. प्रस्तावित नविन एवंम प्रवावकारी क्रियाकलापहरु (२५ अंक)

क) धेरै नविन एवंम प्रवाभकारी (२५ अंक)

ख) सामान्य नविन एवंम प्रवाभकारी (१५ अंक)

ग) नविन एवंम प्रवाभकारी नदेखिएको (० अंक)

७. स्थलगत निरिक्षण एवंम प्रमाणिकरण (अंक ०) [मूल्याङ्कनको लागी अंक नराखिएको तर अनिवार्य गर्नुपर्ने ]



सचिव

# अनुसुची ५

## प्रतिबद्धता ढाँचा

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय प्रदेश न १ को मिति २०७५/../.. को सूचना अनुसार कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालनका लागि कार्ययोजना सहितको आवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्ने गरि घटिमा ३ (तीन) वर्ष सम्म निरन्तरता दिनेछु/छौं। कार्ययोजना अनुसारको कार्य नगरेमा वा ३(तीन) वर्ष भन्दा अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम फिर्ता गर्ने प्रतिवद्धता ब्यक्त गर्दछु/ छौ अन्यथा ऐन कानुन बमोजिम सहुला / बुझाउला। साथै संचालित क्रियाकलापहरुबाट वातावरणलाई असर नपुर्याउने प्रतिवद्धता समेत ब्यक्त गर्दछु / छौ। ईति सम्बत /..../... गते रोज .......शुभम्।

नामः

पदः

ठेगानाः

दस्तखतः

मितिः

अनुदानग्राहीको छापः

| दाँया | बाँया |
| --- | --- |
| | |

सचिव

अनुसुची ६

<u>सम्झौता – पत्र</u>

१. यो सम्झौता पत्र भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालय प्रदेश १ (प्रथम पक्ष) र सम्बन्धीत अनुदानग्राही (दोश्रो) पक्ष बीच पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालनका लागी प्रयोग हुनेछ।

२. सम्झौता भएको मिति देखी यस सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र शुरु गर्नु पर्नेछ।

४. कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालनका लागी प्रथम पक्षले दोश्रो पक्षलाई आयोजनाको प्रकृती अनुसार ३ किस्तामा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ। प्रथम किस्ता २० प्रतिशत कार्य सकिएपछि २० प्रतिशत र दोस्रो ५० प्रतिशत कार्य सकिएपछि ४० प्रतिशत र अन्तिम किस्ता सम्पुर्ण कार्य सकेपछि प्राविधिक तथा मूल्याङ्कन समितिको शिफारिसमा उपलब्ध गराईनेछ। अनुदान रकम एकाउन्ट पेयी चेक मार्फत उपलब्ध गराईनेछ।

५. अनुदान प्राप्त हुने रकमको अधिकतम २ (दुई ) प्रतिशत व्यवस्थापन खर्च बापत पहिलो पक्षले प्रयोग गर्ने छ।

६. किस्ता भुक्तानी गर्दा प्राविधिक तथा मूल्याङ्कन समितिको सिफारिसको आधारमा रकम भुक्तानी गरिनेछ।

७. किस्ता भुक्तानीका लागी वील सहितको सम्पन्न प्रतिवेदन तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम पक्षले सम्पुर्ण प्रतिवेदन तथा वीलहरु प्राप्त भएपछि उप समितिको प्रतिवेदन तथा प्राविधिक तथा मूल्याङ्कन समितिको शिफारिसका आधारमा भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

८. कृषि पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरु १ आ.ब. वर्ष भित्रमा सम्पन्न गर्नुपर्नेछ।

९. दोश्रो पक्षले कार्य गर्दा सम्बन्धित प्राविधिक तथा मूल्याङ्कन समितिको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ।

१०. दोश्रो पक्षले संचालित क्रियाकलापहरुको सार्वजनिक सुनुवाई गर्नु पर्नेछ।

| | |
|---|---|
| ..................... | ............................ |
| प्रथम पक्षका तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
| नाम | नाम |
| पद | पद |
| कार्यालयको नाप र छाप | कार्यालयको नाम र छाप |

साक्षीहरु